अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

थासाङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ८ संख्या : १३ मिति :२०८१/०९/२८

## भाग – २

## थासाङ गाउँपालिका

**वडास्तरीय तथा गाउँपालिका स्तरीय दलित संजाल गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८१**

थासाङ गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०८१/०९/२८

**प्रस्तावना:**

यस  थासाङ गाउँपालिका क्षेत्र भित्र स्थायी रुपमा बसोबास गरेका दलित व्यक्तीहरुको सचेतना अभिवृद्धि गरि क्षमता विकास गराई हरेक व्यक्तिसँग प्रतिस्पर्धा गरेर श्रेष्ठता हासिल गराई सक्षम नागरिक तयार गर्न अति आवश्यक महशुस गरि दलित व्यक्तिहरुलाई समेटी  थासाङ गाउँपालिकाका ५ वटै वडामा वडा स्तरीय समिति र  थासाङ गाउँपालिका स्तरीय दलित संजाल गठन गरि परिचालन गर्न वान्छनिय भएकोले यो कार्यविधि बनाई लागू गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

**क) यस कार्यविधिको नामः** थासाङ गाउँपालिका क्षेत्र भित्रका वडास्तरीय तथा गाउँपालिका स्तरीय दलित संजाल गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८१" रहने छ ।

**ख**) यो कार्यविधि थासाङ गाउँकार्यपालिकाको बैठकबाट पारित गरि स्थानीय राजपत्रमा प्रकाशन गरेको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

**क**)  थासाङ गाउँपालिका भित्र बसोबास नर्गे दलित व्यक्तिहरु भन्नाले यस  थासाङ गाउँपालिका क्षेत्र भित्र बसोबास गरेका नेपाली दलित व्यक्तिहरुलाई सम्झनु पर्दछ ।

**ख) वडा स्तरीय समिति भन्नाले:** यस  थासाङ गाउँपालिका भित्र रहेका ५ वटा वडाहरुमा सम्बन्धित वडामा स्थायी बसोबास गरेका दलित नेपाली व्यक्तिहरुबाट दफा ३.१ बमोजिम गठन गरेको समितिलाई सम्झनु पर्दछ ।

**ग) पालिका स्तरीय संजाल भन्नाले**: यस  थासाङ गाउँपालिका भित्र रहेका ५ वटा वडाहरुमा दफा ३.१ बमोजिम गठन भएका समितिहरुबाट दफा ३.२ क. बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ ।

**घ) समिति भन्नाले:** यस कार्यविधिको दफा ३.१ र दफा ३.२ क. बमोजिम गठन भएका समितिलाई सम्झनुपर्दछ ।

**ङ**) कार्यविधि भन्नाले: वडास्तरीय तथा गाउँपालिका स्तरीय दलित संजाल गठन तथा परिचालन सम्बन्धी कार्यविधि २०८१ लाई सम्झनु पर्दछ ।

**च) संयोजक भन्नाले:** यस कार्यविधि बमोजिम गठन हुने वडा समिति र गाउँ संजालका संयोजकलाई सम्झनु पर्दछ ।

**छ) सह-संयोजक भन्नाले** यस कार्यविधि बमोजिम गठन हुने वडा समिति र गाउँ संजालको सह-संयोजकलाई सम्झनु पर्दछ ।

**ज) सचिव भन्नाले** यस कार्यविधि बमोजिम गठन हुने वडा समिति र गाउँ संजालको सचिवको कार्य गर्न तोकिएको व्यक्तिलाई सम्झनु पर्दछ ।

**झ) कोषध्यक्ष भन्नाले**: यस कार्यविधि बमोजिम गठन हुने वडा समिति र गाउँ संजालको कोषध्यक्ष भई लेखाको कार्य गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## समिति गठन

**३. वडा समिति गठनः**

३.१ यस  थासाङ गाउँपालिकाको वडा भित्र स्थायी रुपमा बसोबास गरेका दलित व्यक्तिहरुको भेलाबाट वडा स्तरीय समिति निम्न बमोजिम गठन गरिने छ ।

——संयोजक १ जना

——सह-संयोजक १ जना

——सचिव १ जना

——कोषाध्यक्ष १ जना

——सदस्यहरु २ जना महिला सहित ५ जना

जम्मा ९ जना

**३.१ क)** दफा ३.१ बमोजिम गठन भएको वडा समितिको कार्यकाल ३ वर्षको हुने छ ।

**३.२ गाउँपालिका स्तरीय समिति गठन**

क) थासाङ गाउँपालिकाका ५ वटा वडाका वडा समितिका ५ जना संयोजकहरु पदेन सदस्य रहने गरी एक गाउँपालिका स्तरीय संजाल समिति गठन गरिने छ ।

ख) उपदफा ३.२ क) बमोजिम गठन भएका गाउँ स्तरीय संजालको बैठक बसी निर्णयबाट तपशिल बमोजिमको पदाधिकारी चयन गरिने छ ।

——संयोजक १ जना

——सह-संयोजक १ जना

——सचिव १ जना

——कोषाध्यक्ष १ जना

——सह-सचिव १ जना

——सदस्यहरु जम्मा ४ जना महिला सहित १० जना

जम्मा १५ जना

**३.२ ग)** ३.२ का बमोजिम गठन भएको गाउँपालिका स्तरीय संजालमा लैङ्गिक हिसाबले महिलाको प्रतिनिधित्व नभएमा संजालको बैठक द्धारा बढिमा ५ जना महिलालाई मनोनित गर्न सक्नेछन ।

३.१. घ) उपदफा ३.२ का बमोजिम गठन भएका गाउँपालिका स्तरीय दलित संजाल समितिको कार्याकाल ३ वर्षको हुने छ ।

**३.३ दलित संजाल वडा समितिको काम कर्तव्य र अधिकारः**

**क)** दफा ३.१ बमोजिम गठन भएका वडा समितिले दलित व्यक्तिहरुको सचेतना अभिवृद्धि गराई सक्षम नागरिक तयार गर्न क्षमता विकास र सिप मुलक तालिम संचलान गर्ने योजना बनाई गाउँ संजाल मार्फत गाउँपालिका कार्यालयबाट वडा समितिलाई छुटयाइएको बजेटमा वडा समिति लगायत सबै दलित व्यक्तिहरुलाई सहभागी गराई क्षमता विकास र आय आर्जन गर्ने सिप मुलक तालिम गोष्ठी, प्रशिक्षण, संचालन गर्ने । वडा समिति र वडा विकास कार्यक्रम अन्तर्गत रहि काम गर्ने ।

**ख) गाउँ संजालको काम, कर्तव्य र अधिकारः** यस कार्यविधिको दफा ३.२ बमोजिम गठित गाउँ संजालको काम कर्तव्य र अधिकारः

**ग)** दफा ३.२ बमोजिम गठन भएको गाउँ संजालले दलित व्यक्तिहरुको सचेतना अभिवृद्धि गराई सक्षम नागरिक तयार गर्न, क्षमता विकास सिप मुलक पालिका स्तरीय तालिम संचालन गर्ने योजना बनाई गाउँपालिका कार्यालयबाट गाउँ संजाललाई छुटयाइएको बजेटमा गाउँ संजाल लागयत सबै दलित व्यक्तिहरुलाई सहभागी गराई क्षमता विकास र आय आर्जन गर्ने सिप मुलक तालिम, गोष्ठि, प्रशिक्षण संचालन गर्ने । गाउँकार्यपालिका, गाउँ विकास समिति अन्तर्गत रहि काम गर्ने ।

**४. गाउँ संजालको संयोजकको काम कर्तव्य र अधिकार**

क) गाउँ संजालको बैठकको अध्यक्षता गर्ने ।

ख) गाउँ संजालको तर्फबाट गर्ने सम्पूर्ण कामको प्रतिनिधित्वि गर्ने ।

ग) गाउँ संजाल र वडा समितिलाई नेतृत्व प्रदान गर्ने ।

घ) अन्य आवश्यक कामहरु गर्ने ।

**५. गाउँ संजालको सह-संयोजकको काम कर्तव्य र अधिकार**

क) संयोजकलाई सहयोग गर्ने ।

ख) संयोजकको अनुपस्थितिमा गाउँ संजालको बैठकको अध्यक्षता गर्ने ।

ग) संयोजको अनुपस्थितिमा संयोजकले गर्ने सबै काम गर्ने ।

**६. गाउँ संजालको सचिवको काम कर्तव्य र अधिकार**

क) संयोजकको सहमतिमा गाउँ संजालको बैठक बोलाउने ।

ख) बैठकको उपस्थिति उठाई बैठक संचालन गर्ने ।

ग) संयोजकले तोकेका अन्य काम गरी संयोजकलाई सहयोग गर्ने ।

**७. गाउँ संजालको सह-सचिवको काम कर्तव्य र अधिकार**

**क) गाउँ सचिवको अनुपस्थितिमा सचिवले गर्ने सबै काम गर्ने ।**

**८. गाउँ संजालको कोषाध्यक्षको काम कर्तव्य र अधिकार**

क) संयोजक सँग सल्लाह गरी गाउँ संजालको आय व्ययको हिसाव दुरुस्त राखी लेखा परीक्षण गराउने ।

**९. गाउँ संजालका सदस्यहरुको काम कर्तव्य र अधिकार**

क) संयोजकलाई सहयोग गरी गाउँ संजाललाई सफल पार्ने ।

**११. वडा समितिको संयोजकको काम कर्तव्य र अधिकार**

क) वडा समितिको बैठकको अध्यक्षत गर्ने ।

ख) वडा समितिको तर्फबाट गर्ने सर्म्पूण कामको प्रतिनिधित्व गर्ने ।

ग) वडा समितिलाई नेतृत्व प्रदान गर्ने ।

घ) अन्य आवश्यक कामहरु गर्ने ।

**१२. वडा समितिको सह-संयोजकको काम कर्तव्य र अधिकार**

क) वडा समिति संयोजकलाई सहयोग गर्ने ।

ख) वडा समिति संयोजकको अनुपस्थितिमा वडा समितिको बैठकको अध्यक्षता गर्ने ।

ग) वडा समिति संयोजकको अनुपस्थितिमा संयोजकले गर्ने सबै काम गर्ने ।

**१३.वडा समिति सचिवको काम कर्तव्य र अधिकार**

क) संयोजकको सहमतिमा वडा समितिको बैठक बोलाउने ।

ख) बैठकको उपस्थिति उठाई बैठक संचालन गर्ने ।

ग) संयोजकले तोकेका अन्य काम गरी संयोजकलाई सहयोग गर्ने ।

१४. वडा समितिको कोषाध्यक्षको काम कर्तव्य र अधिकार

क) संयोजकसँग सल्लाह गरी वडा समितिको आय व्ययको हिसाब दुरुस्त राखी लेखा परीक्षण गराउने । ख) वडा समितिको कोष सम्बन्धी अन्य कामहरु ग्नर्े।

**१५. वडा समितिका सदस्यहरुको काम कर्तव्य र अधिकार**

क) संयोजकलाई सहयोग गरि वडा समितिलाई सफल पार्ने ।

ख वडा भित्रका उत्पिडित दलित समुहका समस्या पहिचान गर्ने ।

**१६. कोषको व्यवस्था:**

● गाउँकार्यपालिकाले निर्णय गरी दलित व्यक्तिहरुको गाउँपालकिा स्तरीय संजाल, वडास्तरिय संजालको र दलित व्यक्तिको लागि गाउँपालिकाले कोषमा जम्मा गरेको रकम ।

● नेपाल सरकारबाट प्राप्त अनुदान रकम

- विदेशी संघ संस्थाबाट प्राप्त रकम
- गैर सरकारी संघ संस्थाबाट प्राप्त हुन आउने रकम
- अन्य ठाउँबाट प्राप्त हुन आउने रकम ।

(१) वडा समितिको खाता तल उल्लेखित व्यक्तीहरुको संयूक्त दस्तखत बाट संचालन हुनेगरी खोलिने छ ।

(क) वडा संयोजक

(ख) सचिब

(ग) कोषाध्यक्ष र

(घ) महिला सदस्य गरी जम्मा ४ जनाको नाममा खोलिने छ,

(२) पालिका संजाल समितिको खाता तल उल्लेखित व्यक्तीहरुको संयूक्त दस्तखत बाट संचालन हुनेगरी खोलिने छ ।

(क) पालिका संयोजक

(ख) सचिब

(ग) कोषाध्यक्ष र

(घ) महिला सदस्य गरी जम्मा ४ जनाको नाममा खोलिने छ,

**आज्ञाले,**
**बिकाश परियार**
**प्रमुख प्रशासकीय अधिकृत**